नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः ०८०।०८१
चलानी नं.: ६८६

मितिः २०८१।०२।१६

सम्पूर्ण स्काउट मास्टरहरु,

**बिषयः दीर्घसेवा पदकका लागि दरखास्त आह्वान सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा यहि मिति २०८१।०३।०५ गते नेपाल स्काउटको ७३ औं स्थापना दिवस भव्यताका साथ मनाउन गइरहेको ब्यहोरा सहर्ष जानकारी गराउँदछु । यसै सन्दर्भमा, स्काउट स्थापना दिवसको उपलक्ष्यमा हरेक बर्षझैं यस बर्ष पनि स्काउटिङ्गमा लगनशील एवं कर्तब्यनिष्ठ भई १५ बर्ष अनवरत रुपमा स्काउटिङ्ग अभियानमा सक्रिय स्काउट मास्टरहरुलाई सम्मान स्वरुप दीर्घसेवा पदक प्रदान गर्ने प्राबधान रहेको छ । तसर्थ तपसिल बमोजिम मापदण्ड पुगेका स्काउट मास्टरहरुले अनलाइन लिंक मार्फत मिति २०८१।०२।२७ गते बेलुका ५:०० बजे भित्र आवेदन फाराम बुझाउन हुन अनुरोध गर्दछु । तोकिए बमोजिमको मापदण्ड पुरा गर्ने स्काउट मास्टरहरुलाई दिर्घ सेवा पदक प्राप्तिका लागि नामावली घोषणा गरि आगामी वर्ष पदक वितरण गरिनेछ ।

**दीर्घसेवा पदकका लागि आवश्यक मापदण्डः**

१, दीर्घसेवा पदकका लागि आवेदन दिने अन्तिम मिति २०८१।०२।२७ गतेसम्म स्काउटिङ्ग गतिविधिमा निरन्तर सक्रिय रही कम्तीमा १५ बर्ष पुरा गरेको । (२०६६।०२।२६ गते अगाडी आधारभूत स्काउट मास्टर तालिम लिई स्काउटिङ्ग गतिविधिमा निरन्तर सक्रिय रहेको)

२, अनलाइन आवेदनमा समावेश हुनु पर्ने प्रमाण पत्रहरुः

ब्यक्तिगत विवरणहरु तथा आधारभूत स्काउट मास्टर तालिम लिएको प्रमाणपत्र ।

३, अनलाइन आवेदनमा भर्ने लिंकः

दीर्घसेवा पदकका लागिः https://forms.gle/buBAhyKNdk9kQw9A6

थप जानकारी एवं प्राविधिक सहायताको लागि सन्तोष चौहान, प्रशासकीय अधिकृतलाई मोवाइल नं. ९८५१०३८१५४ (santosh@nepalscouts.org) वा रवि भित्रकोटी लाई मोवाइल नं. ९८५१०७५९१८ (ravi@nepalscouts.org) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

(राम प्रसाद भट्टराई)
निर्देशक